# ढकारी राजपत्र

## ढकारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या १८ मिति २०८१ असार ३१ गते


## भाग १

## ढकारी गाउँपालिकाको सूचना

यस ढकारी गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०८१ बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८१ को ऐन नं. १८

### <u>बिनियोजन ऐन, २०८१</u>

**<u>प्रस्तावना:</u>** ढकारी गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम ढकारी गाउँपालिका, गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम “ढकारी गाउँपालिका विनियोजन ऐन, २०८१” रहेकोछ ।

(२) यो ऐन २०८१ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "गाउँ सभा" भन्नाले ढकारी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले ढकारी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले ढकारी गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

ढकारी गाउँपालिका

(घ) "विषयगत शाखा" भन्नाले ढकारी गाउँपालिका अन्तर्गतको शाखा, कार्यालय तथा अन्य प्रशासनिक इकाइ समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चित कोष" भन्नाले ढकारी गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **<u>आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः</u>** (१) आर्थिक वर्ष २०८१।०८२ को निमित्त ढकारी गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४०,९८,९३,०००/- (अक्षेरेपी चालिस करोड अन्ठानब्बे लाख त्रिनब्बे हजार रूपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

४ **<u>विनियोजनः</u>** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष

२०८१।०८२ को लागि ढकारी गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

ढकारी गाउँपालिका

# अनुसूची-१

*(दफा ३ संग सम्बन्धित)*

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

***रू हजारमा***

| क्र. सं. | अनुदान | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च रु. | वित्तीय व्यवस्थापन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | | गाउँ कार्यपालिकाको कार्यालय | ३०५२९१।- | ७११४९।- | - | रु |
| २. | | वडा कार्यालय | ४७,८६।- | १७७९५।- | | |
| ३. | | विषयगत शाखा | १०८७२।- | | | |
| जम्मा | | | ३२०९४९।- | ८८९४४।- | | |

आज्ञाले

लक्ष्मण साह

नि. प्रमुख प्रशासकीय अधिकृत



ढकारी गाउँपालिका